आमचोक गाउँपालिका,बालंखा,भोजपुरद्वारा
प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः १
कार्यपालिकाले स्वीकृत मितिः २०८२/०१ /१२

भाग –२
आमचोक गाउँपालिका

## आमचोक गाउँपालिकाको बाल संरक्षण कोष (स्थापना र सञ्चालन )कार्यविधि,२०८२,

प्रमाणीकरण गर्ने
धन कुमार राई
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणीकरण मितिः २०८२/०१/१२

प्रमुख प्रशासकीय अधिकृत

## आमचोक गाउँपालिकाको बाल संरक्षण कोष (स्थापना र सञ्चालन )कार्यविधि,२०८२

**प्रस्तावनाः**

गाउँपालिकाभित्रका आपतकालीन एवं जोखिम अवस्थामा रहेका, बिशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनस्थापना गराउका लागि बाल संरक्षण कोष स्थापना गर्न आवश्यक भएकाले बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ६३ को उपदफा ४ ले दिएको अधिकार प्रयोग गरी आमचोक गाउँपालिकाले आमचोक गाउँपालिकाको बाल संरक्षण कोष (स्थापना र सञ्चालन )कार्यविधि,२०८२ बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कोषको नाम "आमचोक गाउँपालिका बाल संरक्षण कोष (स्थापना र सञ्चालन)कार्यविधि, २०८२"रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन " भन्नाले संघीय संसदले बनाएको बालबालिका सम्बन्धि ऐन,२०७५ सम्झनु पर्दछ।

(ख) "बिशेष संरक्षण को आवश्यकता भएका बालबालिका" भन्नाले नियम ३ बमोजिमका बालबालिका सम्झनु पर्दछ।

(ग) "कोष"भन्नाले नियम ४ बमोजिमको "बाल संरक्षण कोष" सम्झनु पर्दछ।

(घ) "समिति "भन्नाले नियम ७ बमोजिम गठित "बाल संरक्षण कोष सञ्चालक समिति"सम्झनु पर्दछ।

(ङ) "कार्यबिधि "भन्नाले आमचोक गाउँपालिका "बाल संरक्षण कोष (स्थापना र सञ्चालन ) कार्यविधि,२०८२"भन्ने सम्झनु पर्दछ।

(च) "गाउँपालिका" भन्नाले आमचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय भन्ने सम्झनु पर्दछ।

**३.विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाः** विशेष संरक्षणको आवश्यकता भएका बालबालिका अन्तरगत निम्न बालबालिका पर्दछन्।

(१) ऐनको दफा ४८ बमोजिमका बालबालिका अन्तरगत,

(क) जोखिमपूर्ण श्रममा संलग्न रहेको,

(ख) हराएको वा बेवारीसे अवस्थामा फेला परेको,

(ग) ऋणको कारणले बन्धकमा रहेको जबरजस्ती श्रमबाट पीडित भएको,शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुरव्यवहार बाट पिडित भएको,

(घ) दुर्घटनामा परेको,प्रकृतिक वा दैवी प्रकोपमा परेका,

(ङ) बाबु र आमा करागार वा हिरासतमा रहेको वा कुनै कसुर सँग सम्बन्धित रहेकोले बेवारिसे भएको,

(च) यौन शोषण,यौन दुरव्यवहार,बेचविखन वा ओसारपसारमा परेका,हिंसा बाट प्रभावित,

(छ) बाबु आमा वा संरक्षकबाट बन्चित भएका,

(ज) अपाङ्गता भएका,

(झ) सडक बालबालिका,

(ञ) जन्मने वित्तिकै आमा बुवाबाट तिरस्कृत भै संरक्षण विहिन अवस्थामा फेला परेका,

(ट) आमचोक गाउँपालिकाको गाउँकार्यपालिकाले विशेष संरक्षण आवश्यकता भएका भनि तोकिदिएका अन्य बालबालिकाहरु ।

**४. कोषको स्थापनाः** (१) गाउँपालिका क्षेत्रभित्र विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनस्थापना गराउने काम समेतका लागि एक बाल संरक्षण कोषको स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमको रकमहरु रहनेछन् ।

(क) संघीय,प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त रकम,

(ख) बिदेशी सरकार,अन्तराष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) स्वदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) नियम (२)को खण्ड (ख) बमोजिम रकम प्राप्त गर्न प्रचलित कानुन बमोजिम स्वीकृति लिईनेछ।

(४) कोषले आफ्ना उद्देश्यसँग मेल खाने संघीय,प्रदेश र स्थानीय सरकारले सञ्चालन गर्ने बाल हेल्पलाईन जस्ता कार्यक्रमसँग समन्वय गरी क्रियाकलाप सञ्चालन गर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

२०७२।१।१२

**५. कोषको उपयोगः** कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्न,

(ग) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी संरक्षण गर्न,

(घ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्न,

(ङ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको परिवार खोजी गरी पुनर्मिलन तथा पुनस्थापना गर्न,

(च) खण्ड (क) देखि (ङ)मा उल्लेखित कार्यसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्न ।

**६. कोषको रकम उपयोग गर्न नपाईनेः** संञ्चालक समितिको बैठक भत्ता, खाजा, भ्रमण मसलन्द, छपाई, पत्रपत्रिका, विज्ञापन लगायतका कुनै पनि प्रशासनिक कार्यका निमित्त कोषको रकम खर्च गर्न पाईने छैन ।

तर नियम ४ बमोजिमको कार्य सम्पादन गर्न लाग्ने यातायातको प्रयोग लगायतका अत्यावश्यक कार्यमा रकम खर्च गर्न यस नियमले बाधा पुर्याएको मानिनेछैन।

**७. समितिको गठन प्रक्रियाः**

(१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने कामका लागि एक कोष सञ्चालन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिका उपाध्यक्ष : संयोजक

(ख) सामाजिक विकास समितिको संयोजक : सदस्य

(ग) गाउँपालिकाले मनोनित गरेको गाउँसभाका १ जना सदस्य : सदस्य

(घ) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत: सदस्य

(ङ) महिला तथा बालबालिका शाखा प्रमुख : सदस्य- सचिव

**८. समितिको काम,कर्तव्य र अधिकारः** समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

प्रमाणित

२०७२/१/१२

प्रमुख प्रशासकीय अधिकृत

(क) कोष बृद्धिको लागि स्रोतको खोजीं गर्ने,आवश्यक रचनात्मक तथा प्रवर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन गर्ने,

(ख) कोषको रकम संरक्षण गर्ने,

(ग) नियम ४ बमोजिम कोषको रकम उपयोग गर्ने,

(घ) कोषमा रहेको रकम खर्च वा वितरण सम्बन्धी मापदण्ड लागु गर्ने,

(ङ) बिशेष संरक्षणका आवश्यकता भएका बालबालिकाका क्षेत्रमा काम गरिरहेका वा गर्न ईच्छुक संघ संस्था वा व्यक्तिसँग समन्वय गर्ने,

(च) कोषको आय व्ययको विवरण, लेखा परीक्षण प्रतिवेदन बार्षिक रुपमा कार्यपालिका बैठकमा पेश गर्ने,

(छ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(ज) बिशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षणको निम्ति आवश्यक अन्य उपयुक्त कार्य गर्ने,गराउने ।

**९. समितिको बैठक र निर्णयः**

१.कोष व्यवस्थापन तथा सञ्चालन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,

२.समितिको बैठक संयोजकले तोकेको मिति,समय र स्थानमा बस्नेछ।

३.समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगाडी समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्य सूची सहितको सुचना सबै सदस्यहरुलाई दिनुपर्नेछ,

४.समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ,

५. समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा सामाजिक विकास समितिका संयोजकले बैठकको अध्यक्षता गर्नेछ।

६.सञ्चालक समितिले सर्वसम्मतका आधारमा निर्णय गर्नेछ । सर्वसम्मत नभएमा बहुमतको निर्णयलाई समितिको निर्णय मानिनेछ । सदस्यको मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

७. समितिले आवश्यकता अनुसार कनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछन् ।आन्वित सदस्यको मताधिकार हुने छैन,

८. समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नुपर्नेछ,

९.समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. सहयोग सम्बन्धी मापदण्डः**

(१) गाउँपालिका भित्र बिशेष संरक्षणको आवश्यकता भएका बालबालिका छ भनी कसैले समिति समक्ष निवेदन दिन लिखित रुपमा अनुसूचि-१ को ढाँचा वमोजिम पेश गर्नु पर्नछ।

(२) उपनियम (१) बमोजिम जानकारी प्राप्त भएपछी समितिले आवश्यक सोध पुछ र आवश्यक स्थलगत अनुगमन गरी यथार्थ विवरण पत्ता लगाई सदस्य सचिवले प्रतिवेदन तयारी गर्नेछ ।

(३) उपनियम (२)बमोजिमको प्रक्रिया पछि विशेष संरक्षणको आवश्यकता भएको बालबालिकालाई सहयोग आवश्यक छ भन्ने लागेमा समितिको बैठक तत्काल वस्न सक्नेछ ।

(४) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको निमित्त समितिले देहाय बमोजिमको आर्थिक सहयोग को निर्णय गर्नेछः

(क) कोषबाट एक पटकमा वढीमा रु.१००००।(दशहजार) सम्म सहयोग गर्न सकिनेछ ।

(ख) सहयोग गर्नुपर्ने रकम बैंकिङ्ग प्रणाली मार्फत भुक्तानी दिनुपर्नेछ ।

(ग) कोषबाट सामान्यतः एक जनालाई एक पटक सहयोग गरिनेछ । तर विशेष स्थितिमा समितिको निर्णयले थप दुई पटक सम्म सहयोग गर्न सकिनेछ ।

(५) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई तत्काल उद्धार,संरक्षण वा उपचार नगरेमा मानवीय क्षति वा गम्भीर परिणाम हुने देखिएमा सदस्य सचिवको सिफारिसमा अध्यक्षले कोषबाट तत्काल सम्बन्धित बालबालिकाको निमित्त दश हजार रुपैयासम्म उपलब्ध गराउन सक्नेछन् ।

(६) उपनियम (५) बमोजिम बालबालिकालाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईए पछि बस्ने समितिको बैठकबाट सो खर्चको अनुमोदन गराउनु पर्नेछ ।

(७) समितिले बिशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार,अस्थायी संरक्षण,स्वास्थ्य उपचार,मनोसामाजिक सहयोग,पारिवारिक पुनर्मिलनका निमित्त आर्थिक सहयोग **अनुसुचि -२** वमोजिमको ढाँचामा समितिले लेखा शाखालाई सिफारिस गर्नेछ । यस बाहेकका अन्य कार्यक्रमका निमित्त अलग्गै मापदण्ड बनाउन सक्नेछ ।

(८) विशेष संरक्षणको आवश्यक्ता भएका बालवालिकाहरुलाई उद्धार, उपचार, संरक्षण, पुनस्थापना र व्यवस्थापन गर्नु परे आर्थिक सहयाताको मापदण्ड १०,०००। (दशहजार) भन्दा वढी हुने कुरालाई वाधा मानिनेछैन ।

**११. खाता सञ्चालनः**

(१) कोषको रकम समितिले कुनै सरकारी मान्यता प्राप्त बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ ।

(२) बैंक खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१२. कोषको लेखा र लेखा परिक्षणः**

(१) कोषको आय व्ययको लेखा गाउँपालिकाले अपनाएको नियम बमोजिम राखिनेछ ।

(२) कोषको आय तथा व्ययको लेखा परिक्षण गाउँपालिकाले अपनाएको नियम बमोजिम हुनेछ ।

**१३. रकम फ्रिज नहुनेः** संघीय सरकार र प्रदेश सरकारको शसर्त अनुदान तर्फको रकम वाहेक कोषको रकम आर्थिक बर्षको अन्त्यसम्म खर्च नभई बाँकी रहेमा फ्रिज हुनेछैन ।

**१४. प्रतिवेदन प्रकाशन गर्नुपर्नेः**

(१) समितिले आफूले गरेको कामको प्रतिवेदन बार्षिक रुपमा गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन गाउँकार्यपालिकाले बार्षिक रुपमा प्रकाशन गर्नुपर्नेछ ।

**१५. कोषको सचिवालयः**__कोषको सचिवालय गाउँकार्यपालिकाको महिला,बालबालिका तथा ज्येष्ठ नागरीक शाखामा रहनेछ ।

**१६. अभिलेख राख्नेः** समितिले आफूले गरेको काम कारबाहीहरुको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**१७. संशोधन, निष्कृय तथा खारेजीः**

(१) गाउँपालिकाले आवश्यक ठानेमा कार्यविधी संशोधन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले उक्त कोषको आवश्यकता नठानेमा कोष खारेज गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम कोष खारेज भएमा कोषको रकम गाउँपालिकामा स्वतः हस्तान्तरण हुनेछ ।

(४) यस कार्यविधिमा लेखिएका प्रावधान प्रचलित कानुनसँग बाझिएमा वाझिएको हदसम्म हदसम्म स्वतः निस्कृय हुनेछ ।

*अनुसूची-१*

*(दफा १० (१) सँग सम्बन्धित)*

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

आमचोक गाउँपालिकाको कार्यालय

बालंखा भोजपुर ।

बिषयः **सहयोग उपलब्ध गराई पाउँ ।**

प्रस्तुत विषयमा आमचोक गाउँपालिका बाल संरक्षण कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०८२ दफा ५ बमोजिमको लक्षित समुह अन्तरगत विशेष संरक्षणको आवश्यकता भएका /जोखिममा परेका/आर्थिक विपन्न परिवारका /प्राकृति तथा मानवीय कारणबाट पीडित तथा प्रभावित /दुर्घटना तथा चोटपटकबाट गम्भीर रुपमा घाईते भएको मलाई वा मेरो संरक्षणमा रहेको श्री ............. लाई नियमनुसार सहयोग उपलध गराई दिनु हुन अनुरोध गर्दछु।

**लाभग्रहिको विवरण**

नामः

ठेगानाः

उमेर :

लिङ्ग : बालक/बालिका

वावुको नाम :

आमाको नाम :संरक्षकको नाम:

संग्लन कागजातहरुः

१.वडा / अस्पताल / बिद्यालय /संस्थाको सिफारिस ।

२.अन्य सम्बन्धित कागजातहरु

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

२०८२।१।१२

निवेदक

नामः

ठेगानाः

फोन नः

### *अनुसूची-२*

*(दफा १० (७) सँग सम्बन्धित)*

## वालकोष व्यवस्थापन तथा सञ्चालन समितिद्वारा लेखा शाखामा पेश गर्ने सिफारिसको ढाँचा

मितिः

श्री लेखा शाखा

आमचोक गाउँपालिकाको कार्यालय

बालंखा भोजपुर ।

बिषयः **सहयोग उपलब्ध गराई दिने वारे ।**

प्रस्तुत विषयमा आमचोक गाउँपालिका बाल संरक्षण कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०८२ दफा ५ बमोजिमको लक्षित समुह अन्तरगत विशेष संरक्षणको आवश्यकता भएका /जोखिममा परेका/आर्थिक विपन्न परिवारका /प्राकृति तथा मानवीय कारणबाट पीडित तथा प्रभावित /दुर्घटना तथा चोटपटकबाट गम्भीर रुपमा घाईते भएको निम्न वमोजिमको व्यक्तिलाई नियम अनुसारको सहयोग उपलव्ध गराइदिन हुन ।

१ विशेष संरक्षणमा परेका व्यक्तिको नाम र एक प्रति फोटो :

२ ठेगाना:

३ आमा,वुवा वा संरक्षकको नाम:

४ सहयोग उपलव्ध गराउनु पर्ने व्यक्तीको नाम:

५ विशेष संरक्षकसंगको नाता:

६ सहयोग रकम रु............. (अक्षेरुपी ............ .............)

७ खाता नं. ............

संग्लन कागजातहरुः

१.समितिको निर्णय

२.वडा / अस्पताल / बिद्यालय /संस्थाको सिफारिस ।

३.अन्य सम्बन्धित कागजातहरु

| | |
|---|---|
| ............................... | ............................... |
| पेश गर्ने | सिफारिस गर्ने |
| सदस्य सचिव | अध्यक्ष |
| वालकोष व्यवस्थापन तथा सञ्चालन समिति | वालकोष व्यवस्थापन तथा सञ्चालन समिति |